मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

बिपन्नका घरमा चुल्हो बाल्न
'एकका लागि एक अभियान' : पृष्ठ ४



◆ वर्ष : २५ ◆ अङ्क : १६८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ ४ गते आइतवार (Sunday, May 17. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# कोरोना: महिलाको मृत्युपछि उच्च सतर्कता

**काठमाडौँ, जेठ ३।** कोरोना संक्रमणको आशंका गरिएकी एक महिलाको बिहीबारराति उपचारको क्रममा मृत्यु भएको छ। धुलिखेल अस्पतालमा उनको मृत्य भएपछि त्यहा उच्च सतर्कता अपनाइएको छ। बिहीबारसाँझ नै सिन्धुपाल्चोकको बाह्रबिसेबाट स्वासप्रस्वासमा समस्या भएपछि उपचारका लागि उनलाई धुलिखेल अस्पताल ल्याइएको थियो।

मृत्युपछि धुलिखेल अस्पतालमै गरिएको पीसीआर परीक्षणको रिपोर्ट पोजिटिभ आएको बताइएको छ। कोरोना संक्रमणको आशंकामा उनको स्वाव संकलन गरी पीसीआर परीक्षण गर्दा शंकास्पद रिपोर्ट आएपछि पुनः परीक्षण गर्न पठाइएको धुलिखेल अस्पतालका प्रवक्ता डा. सुमनराज ताम्राकारले जानकारी दिए।

कोरोनासँग मिल्दोजुल्दो लक्षण भएकी ती महिलाको मृत्यु भएपछि अस्पतालबाट पाँच सय मिटरको दुरीसम्म कसैलाई प्रवेश दिइएको छैन।

धुलिखेल अस्तपालमा मृत्यु भएकी महिलाको आफन्तको स्वाब निकालेर परीक्षण शुरु गरिएको छ। सिन्धुपाल्चोक बाह्रबिसेकी २९ बर्षीया महिलाको बिहीबार राति १० बजे उपचारको क्रममा मृत्यु भएको थियो।

स्वासप्रस्वासमा समस्या र ज्वरो पनि देखिएपछि धुलिखेल अस्पतालले मृतक महिलाको स्वाब शुक्रबार बिहान निकालेर पीसीआर विधिबाट परीक्षण गर्दा कोरोना देखिएको स्रोतले जनाएको छ। पुनः परीक्षणको लागि



टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको छ। अस्पतालले शनिबार दिउँसो मृतकको श्रीमान, सासु र नन्दको स्वाब निकालिसकेको छ।

यसैबीच बाह्रबिसे नगरपालिका-९की सुत्केरी महिलाको उपचारको क्रममा कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण देखा परेर धुलिखेल अस्पतालमा मृत्यु भएपछि बाह्रबिसे नगरपालिकामा लकडाउन थप कडाइ गरिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक माधव काप्लेले दिनु भएको जानकारी अनुसार बाह्रबिसे नगरपालिका छिर्ने सीमानामा प्रहरी थप परिचालन गरिएको छ।

गाउँका कसैलाई कत्तै जान नदिन प्रहरीले थप कार्य अघि बढाएको छ। मृतकको चालिसे गाउँमा प्रहरी परिचालन गरी घर बाहिर निस्कन नदिने बताइएको छ।

इलाका प्रहरी कार्यालय बाह्रबिसेका प्रहरी निरीक्षक नवराज न्यौपानेले आउजाउ गर्ने सबै बाटोमा प्रहरीले उच्च निगरानी बढाएको बताए। सुत्केरी महिलाको पीसीआर रिपोर्टको आधारमा गाउँ शिल गर्ने जानकारी दिइएको छ।

राति साढे ९ बजे इमर्जेन्सीमा ल्याउँदा उनको अवस्था निकै गम्भीर थियो। साथै स्वास फेर्न समेत निकै कठिन भइरहेको थियो- प्रवक्ता ताम्राकारले भने- 'हामीले अनेक प्रयास गर्‍यौं। स्वास फेर्न गाह्रो भएको थियो। ट्युब राखेर भेन्टिलेट गर्दा पनि बचाउन सकेनौं'- उनले भने- 'त्यसपछि हामीले स्वाब लिएर परीक्षण गर्दा शनिवार बिहान रिपोर्ट पोजिटिभ आयो। थप यकिन गर्न हामीले नमूना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला पनि पठाएका छौं।'

स्रोतका अनुसार २९ वर्षकी ती महिलाले बैशाख २३ गते काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा बच्चा जन्माउनको लागि भर्ना भएकी थिइन्। उनले २४ गते बच्चालाई जन्म दिएकी थिइन्। शिक्षण अस्पतालबाट २५ गते डिस्चार्ज भएकी उनलाई बाह्रबिसे पुगेपछि स्वास्थ्यमा समस्या देखिएको जानकारी प्राप्त भएको छ।

**२५ हजार नेपाल भारतबाट भित्र्दै**

भद्रपुरबाट **पार्थ मण्डल** लेख्छन्- प्रदेश १का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीले झापा, इलाम, मोरङ र सुनसरीका सीमावर्ती क्षेत्रबाट भारतमा रहेका

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापामा जोर गते खाद्यान्न र विजोर गते अरु पसल खुल्ने



**भद्रपुर, जेठ ३।** कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समिति झापाले खुकुलो पारेको लकडाउनलाई थप कडाई गर्ने निर्णय गरेको छ।

सरकारले जिल्लाबाट जारी भएका सबै सवारी पास रद्द गरेसँगै उच्चस्तरीय समितिले पनि लकडाउनको मोडालिटी परिवर्तन गर्ने निर्णय गरेको छ। सोही बमोजिम अनुगमन समितिले झापामा लकडाउन थप कडाई गर्न शनिबार विभिन्न बुँदामा निर्णय गरेको छ।

जिल्ला समन्वय समिति झापामा शनिबार बसेको समितिसहित सर्वपक्षीय बैठकले लकडाउनमा पनि जिल्लाका बजारमा भीडभाड बढेको निष्कर्ष निकाल्दै अब खाद्यान्न पसल नियमित खोल्न नपाउने निर्णय गरेको छ।

बैठकले जिल्लामा पसल सञ्चालनको हकमा जोर विजोर प्रणाली लागू गरिएको समितिका संयोजक तथा समन्वय समिति झापाका अध्यक्ष सोमनाथ पोर्तेलले जानकारी दिए।

उनका अनुसार विहान ८ देखि दिउँसो १२ बजेसम्म पसलहरु खोल्ने निर्णय यथावत राखिएको छ। तर, अबदेखि जोर गतेका दिन खाद्यान्न पसल र विजोर गतेका दिन गैरखाद्यन्न पसल खोल्न पाइने भएको छ। यो प्रणाली भने कृषिजन्य र औषधिमा लागु हुने छैन। ती पसलहरु दैनिक चार घण्टा नियमित सञ्चालन गर्न पाइने पोर्तेलले बताए।

त्यस्तै बैठकले नेपाल भारतको सीमा अलपत्र नेपालीलाई ल्याउने बिषयमा निर्णय गरिएको छ। उनीहरुलाई क्वारेन्टाइनमा राखेर स्वास्थ परीक्षणपछि कोरोना नभएको निश्चित गरेर मात्रै गन्तव्यसम्म जान दिने छ। अन्य जिल्लाको हकमा कोरोना नभएको सुनिश्चित भए जिल्लाका सदरमुकामसम्म पुर्‍याउने व्यवस्थासहित सम्पूर्ण व्यवस्थापन प्रदेश सरकारले गर्नेछ।

समितिले नेपाल आउने आफ्ना नागरिकको निम्ति खानपानको

*(बाँकी अन्तिम पृष्ठमा)*

## पोकोभित्र जिउँदो सालक

**बिर्तामोड, जेठ ३।** दक्षिणी झापाको सीमावर्ती क्षेत्रबाट लोपोन्मुख वन्यजन्तुको चोरी-तस्करी हुने गरेको पाइएको छ।

नेपाल-भारत सीमा कचनकवल गाउँपालिका-५ को सीमावर्ती क्षेत्रबाट सालक भेटिएसँगै वन्जन्तु तस्करीको रहस्य खुलेको हो। सो स्थानको ११२ र ११३ नम्वर पिलरको बीचमा बोराभित्र पोको पारेर राखिएको अवस्थामा जिउँदो सालक भेटिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

सालकलाई शनिवार डिभिजन वन कार्यालय चन्द्रगढीको जिम्मा लगाएको छ। सालक नेपालबाट भारततर्फ लैजान लागिएको हुनसक्ने प्रहरीको अनुमान छ।

## हुरीले क्षति, महिलाको मृत्यु

**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, जेठ ३।** ताप्लेजुङमा परेको भारी बर्षापछि बढेको खोलाले बगाउँदा ताप्लेजुङको फुङ्लिङ नगरपालिका-६ हिरेवाखोलाले बगाउँदा पाथीभरा याङ्वरक गाउँपालिका-१ नाखलेङ बस्ने ६१ बर्षीया अर्थमाया राईको मृत्यु भएको छ।

मानसिक रोगी उनको शव शनिबार नग्न र तल्लो भाग पूरै क्षत बिक्षत् अवस्थामा हिरेवा खोला छेउमा भेटिएको प्रहरीले जनाएको छ।

त्यस्तै हावाहुरीसंगै आएको बर्षाले फुङ्लिङ नगरपालिकाको विभिन्न स्थानमा रुख ढलेर बाटो अवरोध गरेको छ। मेची राजमार्गसहित यहाँका शाखा मार्गहरुमा समेत क्षति पुगेको छ।

सदरमुकाम फुङ्लिङस्थित जिल्ला खेलकुद विकास समितिको कार्यालय भवनको छानो उडाएको छ। हावाहुन्डरीले छाना उडाउँदा कार्यालयभित्र रहेको कम्प्युटर, प्रिन्टर, अन्य विद्युतीय मेसिनहरु, टेबुल,



दराजमा पानीले भिजेर क्षति पुगेको छ भने कार्यालयमा भएका सम्पूर्ण कागजातहरु भिजेर क्षति पुगेको छ।

मेची राजमार्गको काबेली-सशस्त्र प्रहरी चेकपोष्ट खण्डका ठाउँ-ठाउँमा सडक नै उक्काएको तथा सडक मार्ग नै बिग्रिएको छ। सदरमुकाम फुङ्लिङसहित जिल्लाका विभिन्न ठाउँमा कतै घरको छानो उडाएको छ भने कतै रुख, बोट बिरुवा भाँचेको छ। दर्के पानी परेकाले ढल, सडक नालीमा समेत क्षति पुर्‍याएको छ।

त्यस्तै खोल्सीहरुमा बाढी आउँदा छेउछाउका बस्ती तथा खेतीबालीमा समेत क्षति पुर्‍याएको छ। यस्तै फुङ्लिङ बजारका विभिन्न टोलहरुमा पनि स्थानीयको जस्ताले छाएको घरको छाना उडाएको छ। बजारको शेर्पा टोलस्थित दिलीप लाबुङको घरमा रुख लडेर क्षति पुर्‍याएको छ।

## फेसबुकको फोटोले ...

**काठमाडौं, जेठ ३।** विशिष्ट व्यक्तिहरुको फोटोको स्वरुप परिवर्तन गरी सामाजिक सञ्जालमा पोष्ट गर्ने कार्यमा संलग्न सिन्धुली तीनपाटन गाउँपालिका-१ बेलघारी बस्ने मधु पौडेल भन्ने २२ वर्षीय तोरणराज पौडेललाई प्रहरीले पक्राउ गरेको छ।

उनले प्रधानमन्त्री केपी शर्मा ओली लगायत अन्य विशिष्ट व्यक्तिहरुको फोटोको स्वरुप परिवर्तन गरी सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्धको सामग्री प्रकाशन गरी घृणा, द्वेश फैलाउने उद्देश्यले विद्युतीय स्वरुपमा गैरकानूनी कुरा प्रकाशन समेत गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोले जनाएको छ। जिल्ला अदालत काठमाडौंबाट पाँच दिन म्याद थप लिई पौडेल उपर थप अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ।

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने ?




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## छोरी बलात्कार गर्ने व्यक्ति बन्दुकसहित पक्राउ

### डीसी र ब्राउन सुगर बोक्दा ...

**कनकाई, जेठ ३।** झापा कनकाई-३ सुरुङ्गाका एक बाबुले आफ्नै छोरीलाई बलात्कार गरेको आरोप लागेको छ।

घरमा श्रीमती नभएको बेला लामो समयदेखि दैनिक मादक पदार्थ सेवन गरेर घरमा आएर छोरीलाई जवरजस्ती करणी गर्ने गरेको भन्दै छोरीले प्रहरीमा उजुरी गरेपछि इलाका प्रहरी कार्यालय सुरुङ्गाका प्रहरी नायव निरीक्षक पदमसुन्दर लिम्बूको नेतृत्वमा गएको प्रहरी टोलीले उनलाई घरबाटै पक्राउ गरेको हो।

त्यस्तै प्रहरीले उनको घरबाट एसएलआर र थ्री नट थ्री मा लाग्ने १२ थान बन्दुकको गोली समेत बरामद गरेको छ। ती पिता केही समय अघिसम्म विप्लव माओवादीको कार्यकर्ता रहेको र केही समय पहिले मात्रै उनलाई आफ्नो पार्टीले कार्वाही गरिसकेको विप्लवका एक नेताले बताएका छन्।

उनलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखेर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ। उनलाई हाडनाता करणी र हातहतियार खरखजानाको मुद्दा लाग्ने एक प्रहरी अधिकारीले बताएका छन्।

यसैबीच सुनसरी कोशी गाँउपालिका-६ श्रीपुरजव्दीका २६ बर्षीय रुपेश झा २५ बोतल लागूऔषध डाईलेक्स डीसीसहित पक्राउ परेका छन्।

को१३प ७६५४ नम्बरको मोटरसाइकलमा आएका झालाई सोही स्थान नजिकबाट नियन्त्रणमा लिई चेकजाँच गर्दा उनको साथबाट २५ बोतल डाइलेक्स डीसी बरामद गरिएको प्रहरीले जनाएको छ।

यता झापाको शिवसताक्षी-४ बुलुचोकका ३५ वर्षीय रामबहादुर विकलाई गौरीगञ्ज-११ रङ्गेथानबाट ७० ग्राम ब्राउनसुगरसहित प्रहरीले पक्राउ गरेको छ। रङ्गेथानमा रातको समयमा हिंडिरहेको अवस्थामा विकलाई जाँच गर्ने क्रममा ब्राउनसुगर बरामद भएको हो।

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नाम:** राष्ट्रिय बाणिज्य बैंक
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर




ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ।

सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# बिपन्नका घरमा चुल्हो बाल्न 'एकका लागि एक अभियान'

**झापामा एकका लागि एक अभियान कसरी शुरु भयो ?**

- विश्वमा जब नोवल कोरोना भाइरस (कोभिड-१९) फैलदै गयो । त्यसबाट नेपाल पनि अछुतो रहन सकेन नेपालमा पनि कोभिड-१९को संक्रमण फैलियो नै । जसका कारण मुलुक झण्डै दुई महिनादेखि लकडाउन भएको छ ।

मुलुक लकडाउन भएसँगै दैनिक ज्याला मजदुरी गर्ने, विपन्नवर्ग ज्यादै समस्यामा छन् । हामीले देखिपनि रहेका छौं । छरछिमेकमा गाउँमा ज्याला मजदुरी गर्नेको घरमा अहिले चुल्हो बलेको छैन । यस्तो अवस्थामा उनीहरुको घरमा चुल्हो बाल्न हामीले सहारा नेपाल सहकारी संस्थाका महेन्द्रकुमार गिरीको अगुवाईमा यो अभियान शुरु भएको हो । यसमा विभिन्न दुई दर्जनभन्दा बढी संघ-संस्थाहरुको सहयोगमा अहिले यो अभियान जारी छ । हाम्रो मुख्य सोच भनेके जो ज्यालादारीमा काम गर्छ, उसैलाई सहयोग पुऱ्याउन यो अभियान थालिएको हो ।

**यो अभियानमा रकम कसरी जुटाउँदै हुनुहुन्छ र अहिलेसम्म कति रकम जुटिसकेको छ ?**

- एकका लागि एक अभियान भनेकै एक व्यक्तिले अर्को एक व्यक्तिलाई सहयोग गर्ने हो । हुने खाने सम्पन्न व्यक्तिले विपन्न एक परिवारका लागि सहयोग गर्ने भन्ने थियो शुरुमा । एउटा चुल्हो नबलिरहेको अवस्थाको घरमा चुल्हो बाल्न सहयोग गर्ने अभियान मात्रै हो । यो अभियानमा देश तथा विदेशबाट सहयोग भइरहेको छ । आजका दिनसम्म ४५ लाखभन्दा बढी रकम सहयोग जुटिसककेको अवस्था छ ।

**राहतचाहिँ कसरी बितरण गरिरहनु भएको छ नि ?**

- सरकारले गरेको वान डोर वान सिस्टमभन्दा बाहिर गएका छैनौं हामी । त्यही परिधिभित्र रहेर हामीले पनि राहत वितरण गरिरहेका छौं । अझ हामीले गाउँको प्रत्यक्ष निगरानीमा राहत वितरण गरिरहेका छौं । धेरैजसो ठाउँमा हामी आफै पुगेका छौं ।

हामीभन्दा पनि बढी जानकारी राख्ने भनेको त्यहाँको जनता स्थानीय पालिका हो । उनीहरुसँगको सहकार्यमा हामीले राहत वितरण गरिरहेका छौं ।

राहत वितरणमा सहारा नेपालको एउटा टिम छ, त्यो टिमले पनि सहयोग पुऱ्याएको छ । सहारामा नै कार्यालय स्थापना गरिएको छ । सहारा नेपाल आफै पनि धेरे ठाउँको अवस्थाका विषयमा जानकार छ । समग्रमा भन्ने हो भने सहारा नेपाल, स्थानीय पालिका र रेडक्रस त्यहाँका जनताको प्रत्यक्ष निगरानीमा राहत वितरण भइरहेको छ ।

**एकका लागि एक अभियानमार्फत वास्तविक विपन्नले नै राहत पाएका छन् त ?**

- वास्तवमै त्यस्तै बिपन्न परिवारका घरमा चुल्हो बाल्न कै लागि शुरु गरिएको हो- यो अभियान । त्यस्तै विपन्न परिवारले मात्रै एकका लागि एक अभियानमार्फत राहत सामग्री पाएका छन् ।

**हामीले अझैं धेरै विपन्न परिवारको घरमा चुल्हो बलिरहेको छैन भन्ने सुनेका छौं । अझ धेरैभन्दा धेरै मानिसलाई राहत पुऱ्याउन के गर्न सकिएला ?**

- हामीले प्रत्यक्ष आव्हान पनि गरेका छौं, जसको घरमा खाना छैन, हामीलाई सम्पर्क गर्नुहोस् भनेर । त्यसो गरेको खण्डमा हामी उनीहरुलाई तत्काल राहतको व्यवस्थापन गर्छौं । हामीले पनि सरकारले बनाएको नियमलाई पालना गर्नैपर्छ ।

सरकारको नियम पालना गर्दै अहिले एकका लागि एक अभियानले काम गरिरहेको छ । वडा कार्यालयले पनि ठूलो सहयोग गरेको छ । आजका दिनमा राहत पाउनु पर्नेले नै पाएका छन् ।

**झापा बाहिर पनि राहत बाँड्ने काम गरिरहनुभएको छ ?**

- छ, झापा बाहिर पनि हामीले मोरङ र सुनसरीमा यो काम गरिरहेका छौं । हामीले केही राहतका प्याकेजहरु मोरङ र सुनसरीमा पनि वितरण गरिरहेका छौं ।

**अबका दिनमा योजनाहरु के-के छन् ?**

- हामीले बिर्तामोड चौकमा अहिले पनि निःशुल्क खाना खुवाइरहेका छौं । राहतको पहुँचभन्दा बाहिर रहेकाहरुलाई हामीले प्रत्यक्ष रुपमा दैनिक ५/७ सय जनालाई खाना खुवाइरहेका छौं भने अर्जुनधारा-१० को काली झोडामा पनि हामीले दैनिक खाना पठाइरहेका छौं । वडाध्यक्ष वलदेव गोम्देन आफैं आएर दिनहुं खाना लिएर जानुहुन्छ । जहाँ मुडा बुनेर परिवार पाल्नुपर्ने अवस्था छ । त्यहाँ एक सय पोका राहत पठाउँछौं । त्यो तयारी खाना हुन्छ ।

**बिर्तामोड-३मा सामुहिक भान्सा पनि शुरु भएको छ । अनि त्यहाँ पनि यहाँहरुले सहयोग गर्नु भा'रहेछ । विपद् कोष बनाउने कुरा थियो, त्यो चाहिँ के हुँदैछ नि ?**

- विपद्कोषको कुरा चाहिँ पहिलादेखिकै हो । तर, बिर्तामोड-३को पहिला कुरा गरौं । वडा नम्वर-३का वडाध्यक्ष भोजराज सिटौलाले त्यहाँको वस्तुस्थिति बताएपछि हामीले त्यहाँ पुगेर हेऱ्यौ पनि ।

त्यहाँ पाँच वटा टोलमा सामुहिक खाना खुवाइरहेको हामीले पायौं । त्यो देखेपछि हामीले त्यहाँ पनि सहयोग गर्नुपर्छ भन्ने हेतुले सहयोग गरेका हौं । त्यहाँ समस्या पनि रहेछ । केही साथीहरुले आफ्नै पहलमा राहत वितरण गरिरहेका रहेछन् । उनीहरुले सामुहिक मेस भान्सा बनाएर विपन्न परिवारलाई खाना खुवाउन शुरु गरेका रहेछन् । हामीले वडा कार्यालयसंग निरन्तर सहयोग गरेका छौं । बिर्तामोड-३ लाई हजार केजी चामल प्रदान गरेका छौं ।

**अभियान कहिलेसम्म चल्छ ?**

- यो अभियान कहिलेसम्म भन्दा पनि कोभिड-१९ को महामारी नहटुञ्जेलसम्म गर्ने हामी सोचमा छौं । हेरौं के हुन्छ ? चुल्हो नबल्ने परिवारलाई त्यतिञ्जेलसम्म सहयोग गरिरहने हाम्रो प्रयास रहन्छ ।

**सामान्य सतर्कता नअपनाइकन हामीले राहत वितरण गरेको देखिरहेका छौं, एकका लागि एक अभियानले कस्तो सतर्कता अपनाएको छ ? कसरी राहत वितरण गरिरहेको छ ?**

- तपाइहरु पनि हामीहरुसँगै हुनुहुन्छ । तपाइहरुले पनि देखिरहनुभएको छ, हामीले सतर्कता अपनाएकै छौं । तीन फुटको दूरी कायम छ । हामी हात-हातमा राहत दिँदैनौं । हामीले उनीहरुलाई कुपन दिएको हुन्छ । दुरी कायम गरेरै राहत वितरण गरिएकाले हामीले अपनाउनुपर्ने भरपुर सतर्कता अपनाएका छौं । हामी नेपालीहरु हिजोको दिनमा पनि भूकम्प आउँदा यसैगरी सहयोग गरेका थियौं । यो महामारीको क्षणमा पनि हामी एक नेपालीले अर्को नेपालीलाई सहयोग गरिरहेका छौं । यो साथ र सहयोग निरन्तर रहिरहोस् । महामारीको प्रकोपबाट बच्न सबैले साबधानी अपनाऔं । कोरोनाले हामीलाई होइन हामीले कोरोनालाई जित्न सकू यही कामना पनि छ ।



**बिनोद बस्नेत**: सह-संयोजक, एकका लागि एक अभियान

# जसले लगाए नेपाल-भारत सीमामा काँडेतार



**झापा, जेठ ३।** लिपुलेकलाई लिएर नेपाल र भारतबीच फेरि एकपटक सीमा विवाद चर्किएका बेला कतिपयले सीमानामा पर्खाल वा काँडेतार लगाउनुपर्ने माग समेत गरेका छन् ।

पछिल्लो समयमा कतिपय सांसदहरूले त संसद्मै पनि यस्तो माग राख्दै आएका छन् । नेपाल र भारतबीच खुला सीमाना रहेकाले कतिपय अन्य देशहरूबीचका सीमामा जस्तो पर्खाल वा काँडेतार लगाइएको छैन । कतिपय स्थानमा त नेपाल र भारतबीचको सीमामा पुगे पनि नेपाली र भारतीय भूमि कुन हो भन्ने सहजै छुट्याउन समेत मुस्किल पर्छ । तर, पर्सा जिल्लाको ठोरी गाउँपालिकाको एउटा वडाका अध्यक्षले भने भारतसँग सीमाना जोडिएको आफ्नो वडाको क्षेत्रमा काँडेतार लगाएको खबर आएको छ ।

नेपाल-भारत सीमामा काँडेतार लगाउने वडाध्यक्ष भन्छन्- 'मैले बाटो देखाएँ, केन्द्रले समाधान खोजोस्' ठोरी गाउँपालिका-३ का वडाध्यक्ष सूर्यबहादुर तामाङले आफ्नो वडाको भारतसँग सीमा जोडिएको साढे पाँच किलोमिटर क्षेत्रमध्ये साढे चार किलोमिटरमा यस्तो काँडेतार लगाइसकेको बताए ।

**उनीसँग विष्णु पोखरेलले गरेको कुराकानीको सार**

म वडाअध्यक्ष हुनुभन्दा पहिलेदेखि नै यस क्षेत्रमा रहेका समस्याबारे जानकार छु । म यहाँकै बासिन्दा भएकाले विगत ८/९ वर्षदेखि भारतीय सुरक्षाकर्मीको दुर्व्यवहार हामीले भोगिरहेका छौँ । यहाँ नजिकै वडामा ठुटे खोला भन्ने एउटा खोला पर्छ ।

त्यो खोलाको पानीका विषयमा पनि नेपाली र भारतीय पक्षबीच विवाद हुँदै आएको छ । दशगजाभन्दा तीन सय मिटर नेपाली भूमिमा पसेर भारतीयले बाँध बनाएकाले यहाँ बनेको एउटा पुल नै सञ्चालनमा आउन पाएको छैन । वर्षाका बेलामा कसैलाई सर्पले टोक्यो भने पनि दौडाएर लग्न सहज बाटो छैन । म जनप्रतिनिधि हुनुभन्दा अगाडिदेखि नै यी समस्यासँग जुध्दै आएको हुँ ।

मेरो वडामा ८ हजार जति जनसंख्या रहेको छ । अधिकांशले भारतीय पक्षबाट दुर्व्यवहार भोगेका छन् । भारततर्फ जङ्गल पनि छ ।

त्यसले गर्दा नेपालतर्फ खेती लगाएका बेला जङ्गली जनावारले आएर बाली नष्ट गरिदिन्छन् । यी दुवै समस्याको समाधानका लागि मैले यहाँ काँडेतार लगाउने निधो गरेको हुँ ।

हामीले २०७४ साल मंसीरदेखि यहाँ काँडेतार लगाउन शुरु गऱ्यौं । हाम्रो वडाको साढे पाँच किलोमिटर क्षेत्रले भारतीय सीमा छुन्छ । त्यसैले यो क्षेत्रमा काँडेतार लगाएर शुरुवात गरौं भन्ने लाग्यो । मैले सीमा सुरक्षाको जिम्मा पाएको सशस्त्र प्रहरीका अधिकारीहरूसँग पनि छलफल गरेर दशगजा भन्दा उत्तर नेपालको भूमिमा काँडेतार लगाउने काम शुरु गरेको हुँ । दशगजामा २९, साढे २९ फिट दूरी हुने रहेछ । हामीले ३० फिटजति छाडेर काँडेतार लगायौं । अहिलेसम्म साढे चार किलोमिटरमा यस्तो काँडेतार लगाउने काम सकिएको छ ।

गाउँपालिका प्रमुखसँग कुराकानी गरेर हामीले लगातार तीन वर्ष यसका लागि बजेट विनियोजन नै गरेर काम अघि बढाएका हौं । अहिले लकडाउनका बेला पनि हामीले काँडेतार लगाउने कामलाई निरन्तरता दिएका थियौं । तर, केही दिन अघि भारतीय सुरक्षाकर्मीले आफ्नै तरिकाले नेपालले काँडेतार लगाउन पाउँदैन भनेर रोकिदिएका छन् ।

त्यसको पनि चाँडै समाधान निस्केला भन्ने आशामा हामी छौं । जसरी हाम्रो भूमि मिचिएको कुरा आउँछ मलाई त सीमामा पर्खाल नै लगाउन पाए हुन्थ्यो जस्तो लाग्छ । यो केन्द्र सरकारले समाधान गर्ने विषय हो । राज्यले हेर्नुपर्ने हो । तर, नेताहरू आफू आफू झगडा गरेर मात्र बसेको देखिन्छ ।

केन्द्र सरकारले त केही गरेन तर हामी चुप लागेर बस्न त मिलेन । 'राज्यले नगरे पनि आफूले देखाइदिम् न त' भनेर मैले यो काम गरेको हुँ । काँडेतार भए पनि देखाइदियो भने कमसेकम यहाँको जनताले त 'यस्तो गरेछ है' भन्ने होस् भनेर काँडेतार लगाएको हो मैले ।

तर, यसमा जनताको राय छैन भन्ने होइन । उहाँहरूकै सहमतिमा गरेको हो । उहाँहरूकै माग अनुसार नै हो । सीमा क्षेत्रमा रहेका जनप्रतिनिधिहरू सचेत भए भने सीमा मिचिने कुरा केही कम हुनसक्छ । तर, केन्द्र सरकारले यस्ता समस्या सधैंका लागि समाधान गर्न पहल गर्नुपर्छ । मैले काँडेतार लगाएर राज्यलाई बाटो देखाए । अब सँधैका लागि समाधान त राज्य (केन्द्र)ले गर्नुपऱ्यो नि !

## अन्य जिल्लाबाट आएकाको व्यवस्थापन शुरु

**फिदिम, जेठ ३।** कोभिड-१९ को जोखिम हुन नदिन पाँचथरमा भारतसहित अन्य मुलुक तथा जिल्लाबाट यहाँ आएका जिल्लावासीको व्यवस्थापनको तयारी शुरु भएको छ ।

जिल्लास्तरीय सङ्कट व्यवस्थापन केन्द्रको बैठकले कोभिड-१९ सङ्क्रमणको जोखिम हुन नदिन जिल्ला फर्किएको अवस्थामा गर्नुपर्ने व्यवस्थापनको तयारी थाल्ने निर्णय गरेको हो । यसका लागि स्थानीय तहले तथ्याङ्क सङ्कलन, क्वारेन्टाइन निर्माण तथा अन्य व्यवस्थापकीय कार्य अघि बढाउने भएका छन् ।

यहाँका सबै स्थानीय तहले भारतसहित विदेशमा रहेका आ-आफ्ना नागरिकको विदेश गएको मिति र जानुको कारणसहितको विवरण तयार पार्ने भएका छन् ।

यस्तै तत्कालै भारतमा रहेका नेपाली स्वदेश भित्रन थालेमा सीमा नाकाका होल्डिङस्थलबाट स्क्रिनिङ र परीक्षण भई सम्बन्धित जिल्लाको स्थानीय तहमा आउँदा हाल रहेका क्वारेन्टाइन अपुग हुने उक्त बैठकले निष्कर्ष निकाले सहायक प्रमुख जिल्ला अधिकारी निर्मल तुम्रोकले जानकारी दिए । उनीहरुको व्यवस्थापनका लागि सदरमुकाम फिदिममा ५०० शय्या तथा जिल्लाका अन्य सातवटा गाउँपालिकामा एक/एक सय शय्याको क्वारेन्टाइन निर्माण गर्ने बैठकले निर्णय गरेको छ । यसका लागि जिल्ला समन्वय समितिले स्थानीय तहसँग समन्वय गर्नेछ ।

बैठकले कोभिड-१९ को जोखिम हुन नदिन स्थानीय तहसँगको समन्वयमा सुरक्षा निकायले बाहिरी जिल्लाबाट पैदल हिँडेर आउनेहरुलाई प्रवेशमा रोक लगाउने निर्णयसमेत गरेको उनले बताए । यस्तै जिल्लामा अत्यावश्यक सेवा र निर्माण क्षेत्रका सवारी सञ्चालन पास प्राप्त सवारी साधनलाई आफ्नो क्षेत्र र निश्चित समयमा मात्रै प्रयोग गर्न दिइने भएको छ ।

यस्तै फिदिमस्थित समर्पित अस्पतालमा रहेका ५१ शय्याको क्वारेन्टाइनलाई २० शय्याको आइसोलेशन वार्डमा परिणत गरिएको छ । यहाँ फिदिममा ३६ शय्याको आइसोलेशन वार्ड तथा आठ स्थानीय तहका ३६ वटा स्थानमा ५६१ शय्याको क्वारेन्टाइन रहेका छन् । प्रत्येक स्थानीय तहमा एम्बुलेन्स तथा अन्य सवारी साधन प्रयोगका लागि तयारी अवस्थामा राखिएको जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ । यस्तै यहाँ १० थान व्यक्तिगत सुरक्षा उपकरण मौज्दात रहेका छन् । जिल्लामा हालसम्म ५७ जनाको पीसीआर र एक हजार ३४ जनाको शीघ्र डाइग्नोष्टिक परीक्षण (आरडीटी) भएकामा सबैको नतिजा नेगेटिभ आएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

## झापामा ...

थप व्यवस्था गर्न निजी क्षेत्रसँग सहयोगको आव्हान गर्ने निर्णय भएको उनले बताए ।

जिल्लाका १५ वटै स्थानीय तहमा रहेका बैंक तथा वित्तीय संस्था आधा-आधा गरी दिन बिराएर सञ्चालन गर्न पालिकाले व्यवस्था गर्ने निर्णय भएको छ । नदीजन्य पदार्थ ढुवानी बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म गर्न पाउने, त्यसका लागि स्थानीय तहको सिफारिसमा हुने निर्णय गरिएको छ । जिल्लाभित्र खाद्यन्न ढुवानीमा पास नचाहिने र निर्माण सामग्री ढुवानी गर्दा स्थानीय तहले पास जारी गर्ने व्यवस्था गरिएको छ । सरकारी कर्मचारीलाई कार्यालय जान आउन पास नचाहिने बैठकले निर्णय गरेको उनको भनाइ छ ।

समितिका संयोजक एवम् जिल्ला समन्वय समितिका संयोजक पोर्तेलको अध्यक्षतामा बसेको बैठकमा प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्की, सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेर, प्रदेश स्तरीय अनुगमन समितिका संयोजक तथा नेकपा प्रदेश कमिटी अध्यक्ष देवराज घिमिरे, प्रदेश सांसद, समितिका सदस्यहरु, सबै पालिकाका प्रमुख तथा अध्यक्षहरु, प्रमुख जिल्ला अधिकारी तथा सबै सुरक्षा निकायका प्रमुखहरु, राजनीतिक दलका प्रमुखहरुको उपस्थितिमा बैठकले सो निर्णय गरेको हो ।

## कोरोना ...

२० देखि २५ हजार नेपाली स्वदेश भित्रिने र त्यसका लागि प्रदेश १मा आवश्यक तयारी धमाधम भइरहेको बताएका छन् । भारतमा अलपत्र परेका नेपालीहरूलाई केही दिनमै स्वदेश फर्काउन तयारी भइरहेको उनले बताए ।

शनिवार झापा भद्रपुरमा पत्रकारहरुसँग कुरा गर्दै उनले नेपाल-भारत सरकारबीच यस बारेमा समन्वय भइरहेको बताउँदै उनले भने- 'अहिले सीमावर्ती जिल्लाहरूमा धमाधम उनीहरूलाई राख्न क्वारेन्टाइन बन्दैछ, सीमा पारी अलपत्र नेपालीलाई स्वदेश फर्काएर त्यही राखिन्छ ।'

झापाको काँकरभिट्टा सीमा पारी भारतमा एक हजार बढी नेपाली अलपत्र रहेका जानकारीमा आएको छ । उनीहरूलाई कसरी भित्र्याउने विषयमा जिल्ला स्तरबाटै तयारी भइरहेको छ । एकैपटक भित्र्याउने कि क्वारेनटाइनको संख्या अनुसार भित्र्याउने त्यस विषयमा आवश्यक छलफल जारी रहेको बताउँदै उनले भने- 'भारतबाट आउने सबैको कोरोना परीक्षण हुन्छ, आरडीटी वा पिसीआर दुवै माध्यमबाट उनीहरूको स्वास्थ्य परीक्षण गरिन्छ ।'

**संक्रमित २७८**

नेपालमा थप २ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार महोत्तरी र काभ्रेमा १/१ जनामा कोरोना भाइरसको संक्रमण देखिएको हो ।

मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार महोत्तरीका ५२ वर्षका पुरुष र काभ्रेका २६ वर्षका पुरुषमा कोरोना संक्रमण देखिएको हो । योसहित नेपालमा संक्रमितको संख्या २७८ पुगेको छ । संक्रमितमध्ये हालसम्म ३६ जना उपचारपछि निको भएका छन् ।

**पत्रकारमा संक्रमण**

प्रदेश नं १ मा एकजना पत्रकारलाई कोरोना सङ्क्रमण भएको छ । उनलाई कोशी कोभिड अस्पताल विराटनगरमा भर्ना गरिएको बताइएको छ ।

उनको स्वास्थ्य सामान्य रहेको बताइएको छ । उदयपुर जिल्लाबाट करिब अढाइ वर्षदेखि काठमाडौँबाट प्रसारण हुने टेलभिजनमा कार्यरत पत्रकारलाई स्वाब परीक्षण गर्दा सङ्क्रमण देखिएको नेपाल पत्रकार महासंघ प्रदेश नं १ समितिका अध्यक्ष विक्रम लुइँटेलले जानकारी दिए ।

उदयपुरको भुल्केमा केही दिन पहिले देखिएको कोरोना सङ्क्रमितको समाचार सङ्कलन गर्न उनी स्थलगत रिपोर्टिङ गरेका थिए । उदयपुरमा २६ जना पत्रकारको स्वाब परीक्षण गरिएको छ भने मोरङ र झापाका पत्रकारको पनि स्वाब परीक्षण गरिने अध्यक्ष लुइँटेलले जानकारी दिए ।


**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)








श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# भूगोलको पहिचान गर

कोरोना प्रकोपकै बीच सरकारले बार्षिक नीति र कार्यक्रम सार्वजनिक गरेको छ । आर्थिक बर्ष ०७७/०७८को सरकारको बार्षिक कार्य योजना राष्ट्रपति बिद्यादेवी भण्डारीले शुक्रवार प्रस्तुत गरेकी हुन् । सरकारको नियमित कार्यभित्रको योजनामा बिद्यमान कोरोना महामारी मुख्य प्राथमिकतामा परेको छ । विश्वका साना–ठूला सबै राष्ट्रका लागि प्रमुख चुनौतिका रूपमा उत्पन्न यो समस्या दृढता र वस्तुनिष्ठतापूर्वक अघि बढ्ने हो भने हाम्रो सरकारका लागि अवसर पनि बन्न सक्छ । प्रतिपक्षको पूर्ण साथ र सहयोग प्राप्त गरेको यो समय सरकार आपसी विवाद, आन्तरिक द्वन्द्व र शक्ति सञ्चय अनि संघर्षमा अल्मलिएन भने इतिहास निर्माण हुन सक्छ ।

सरकारका अघि राष्ट्रको अखण्डताको रक्षा गर्ने चुनौति छ । हाम्रा वीर पूर्खाहरूले निर्माण गरेको राष्ट्र अनि कहिल्यै पराधीनता भोग्नु नपरेको गौरवको रक्षा गर्नु सरकारको मूल दायित्व हो । विश्व विजयी अंग्रेजी शक्तिलाई समेत चुनौति दिएका पूर्खाको गाथा र राष्ट्रको अस्मिता कुनै व्यक्ति, दल वा समूहको स्वार्थसँग सौदा गर्न पाइँदैन । प्रत्येक आवधिक निर्वाचनमा मूल समस्यालाई मुद्दा बनाएर पद र प्रतिष्ठा आर्जन गर्न उद्धतहरू राष्ट्रवादी हुन सक्दैनन् । हाम्रो असल छिमेकी भनिने भारतले नेपालको सार्वभौमसत्तामाथि हस्तक्षेप गरेको छ । उसले असंलग्न परराष्ट्र नीतिको बर्खिलाप पश्चिम सीमामा अतिक्रमण गरेको छ । महामारीकैबीच एकलौटी ढंगले सडक निर्माण गरेर सहअस्तित्व स्वीकार गर्ने प्रतिबद्धता तोडेको छ ।

सरकारले चौतर्फी आलोचना र दवावका बीच कार्ययोजनाको प्रमुख प्राथमिकता बनाएको छ । राष्ट्र रहे मात्र हामी रहन्छौं । नेपाल रहे मात्र नेपाली रहन्छन् । भूगोलले सानो भएर पनि स्वतन्त्र र स्वाधीन रहन सक्ने गौरवमय इतिहासको रक्षा गर्न नसकिए समयले धिक्कार्ने छ । यसका लागि ‘ओठे’ जवाफ होइन परिणाममुखी अग्रसरता चाहिन्छ । कागजमा व्यक्त प्राथमिकता वा प्रतिबद्धताले वर्तमानको आवश्यकता पूरा हुनेछैन । आफू नरहिएला तर देश रहनुपर्छ भन्ने आत्मवोध सबैमा हुनुपर्छ । अझ राज्य सञ्चालकको यसतर्फ समर्पित, अविच्छिन्न र दृढ अग्रसरता देखिनुपर्छ ।

त्यसो त अहिले कोरोनाले ओठतालु सुकाएको अवस्था छ । यसलाई समूल नष्ट नगरुञ्जेल कुनै गतिविधि चलायमान हुन गाह्रो हुन्छ । रोकथाम र नियन्त्रणका लागि सम्बद्ध निकाय, संस्था र पात्रहरू अहोरात्र संघर्षरत् छन् । तर, त्यसका लागि आवश्यक उपकरण, बन्दोबस्ती, सेवाको सुनिश्चितता, विश्वसनीयता र प्रत्याभूति दिलाउन राज्यले चुक्नु हुँदैन । अहिले संक्रमणको संख्या दोहोरो अंकमा आउन थालेको छ । यही बेला भारतले बन्दाबन्दीलाई खुकुलो पार्न थालेकाले त्यसको प्रभाव हामीमा पर्ने निश्चित छ । यस्तो बेला सरकारले त्यसको पनि व्यवस्थापन गर्दै सीमा अतिक्रमणको मुद्दालाई प्रमुखताका साथ मुखरित गर्न सक्नुपर्छ । त्यसका लागि कुटनीतिक क्षमता भएका, आधार– प्रमाण, तर्क र बौद्धिकताका आधारमा कुरा राख्न सक्ने सत्पात्रको पहिचान गर्नुपर्छ । यो कुनै दल, गुट वा समूहको रूची र स्वार्थसँग जोडिएको बिषय होइन तसर्थ सरकारले निष्ठापूर्वक एकलव्य ध्यान र क्रियाशीलता देखाउनुपर्छ ।

# नेपालको आधिकारिक नक्सा जारी गर



लक्ष्मी उप्रेती

> अहिले भारतले नयाँ नक्सा जारी गर्दा र एउटा सडक बनायो भनेर रोइलो गरेर मात्र यो सीमा समस्या समाधान हुँदैन । अब नेपाल सरकारले प्रभावकारी एवम् ठोस् कुटनीतिक-राजनीतिक उपाय अवलम्बन गर्दै यो विषयलाई उच्च स्तरीय द्विपक्षीय (नेपाल-भारत) र त्रिपक्षीय (नेपाल-भारत-चीन) वार्ताका माध्यमबाट नेपालको हितमा समाधान गर्नुपर्छ ।

भारतीय रक्षामन्त्री राजनाथ सिंहले भिडियो कन्फ्रेन्समार्फत धार्चुला लिपुलेक लिङ्क रोड उद्घाटन गरे लगत्तै अहिले सामाजिक सञ्जाल मात्र होइन सदनदेखि सडकसम्म तातेको छ । लिम्पियाधुरा, कालापानी, लिपुलेकबारे अहिले आम नेपालीले सरोकार व्यक्त गर्दै भारतको सर्वत्र विरोध गरिहेरका छन् ।

विगतदेखि भारतको कब्जामा रहेको लिम्पियाधुरा-कालापानी-लिपुलेकसहित नेपालको ३७२ वर्ग किमि क्षेत्र समावेश गरिएपछि पुरानो कब्जा गरिएको नेपालको कालापानी क्षेत्रको मुद्दा तातिएको र फेरि चर्चामा आएको छ । यो मुद्दाको चर्चा बेला-बेलामा हुने गर्छ र त्यत्तिकै सेलाउने प्रवृत्ति पनि छ । भारतले नेपाली भूमि अतिक्रमण गर्दै तिब्बतमा रहेको कैलाश मानसरोवर यात्राका लागि नयाँ बाटो खोलेको छ ।

भारतको उत्तराखण्डस्थित धार्चुला क्षेत्रको पिथौरागढबाट नेपालको दार्चुलाको गुञ्जी क्षेत्रबाट लिपुलेक पुग्ने सडकमार्ग भारतले खोलेपछि प्रतिपक्षमात्र होइन सत्ता सम्हालेकै पार्टीबाट समेत सरकारको थोर वहुत आलोचना भइरहेको छ । अहिले आम नेपाली भारतको हेपाहा प्रवृत्तिको विरुद्ध आन्दोलित छन् ।

आफ्नो भूमि हस्तक्षेप गरेर भारतले ८० किलोमिटर सडक निर्माण गरिसक्दा र उद्घाटन गर्दासम्म समेत नेपाल सरकारले थाह नपाउनु र यस बारेमा प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई केही थाह नभएको, कसैले पनि जानकारी नगराएको पत्रपत्रिका पढेर मात्र थाह पाएको भन्ने कुराले नेपाली जनता झन् आक्रोशित छन् । यस्तो अवस्था आउँदासम्म सरकारी संयन्त्र के हेरेर बसेको थियो ? कहाँ थियो नेपालको परराष्ट्र मन्त्रालय ? कहाँ थियो नेपालको राष्ट्रिय अनुसन्धान ? यो विषयमा नेपाल सरकारले नेपाली जनताको चित्त बुझ्ने जवाफ दिनैपर्छ । किन नेपाल सरकार अहिले सडक उद्घाटन भइसकेपछि पनि मौनता साँधेर बसेको छ । नेपाली जनताले पत्याउने गरी जवाफ सरकारले दिनैपर्छ ।

नोवल कोरोना भाइरस कोभिड-१९का कारण अहिले विश्व लकडाउनको अवस्थामा छ । विश्वका हरेक समुदाय कोरोनाबाट बच्न आफ्नै घरभित्र सुरक्षित रुपमा बसेका छन् । तर, आज प्रत्येक नेपाली आफ्नो देशको रक्षार्था सडकमा नेपालको झण्डा बोकेर भन्दैं छन्- हाम्रो भूमि प्राणभन्दा प्यारो छ, भारतीय विस्तारबाद मुर्दाबाद, लिपुलेक हाम्रै हो ।

हुन त नेपाल भारत सीमा समस्या अहिले केपी ओली प्रधानमन्त्री भएपछि मात्र भएको होइन् । कालापानी, लिपुलेक लिम्पियाधुरामात्र होइन यी लगायत सुस्ता महेशपुर क्षेत्र एवम् भारतसँग जोडिएको नेपालको उत्तरी दक्षिणी सीमाना विवादित नै रहेको ऐतिहासिक तथ्यले देखाउँछ । अहिले चर्चामा रहेको लिम्पियाधुरादेखि कालापानी




लिपुलेकसम्मको नेपाली भूभागमा विगत ५७ वर्षदेखि नै भारतले आफ्नो कब्जा जमाई राखेको अवस्था थियो । तर, पनि नेपालको तर्फबाट त्यसको प्रतिवाद प्रभावकारी रूपमा हुन नसकेको इतिहास छ ।

उत्तराखण्डको बोर्डर रोड अर्गनाइजेशन ( बीआरओ) ले कैलाश मानसरोवर रुटलाई चीनको बोर्डरसम्म जोडेको छ । बीआरओले १७ हजार ६० फिट उचाइमा रहेको कैलाश मानसरोवरमा बाटो विस्तार गरे लगत्तै यो सडक मार्गले नेपाली भूमिलाई हस्तक्षेप गरेको सीमाविद्हरू बताउँछन् । भूगोलविद् प्रा.डा. नरेन्द्रराज खनालकै भनाइ सापट लिनुपर्दा त्यो बाटो नेपाली भूमि हुँदै गएको र ‘सुगौली सन्धि विपरीत’ छ ।

कालापानी क्षेत्र र नवलपरासीको सुस्तामा सीमा विवाद रहेको कुरा नेपाल भारत दुवैले स्वीकारिरहेका छन् । तर, आफैँले विवाद छ भनेर स्वीकारेको क्षेत्रमा भारतले एकलौटी रुपमा बाटो खोल्नु कहाँ सम्म नियमसंगत छ, भारतले एकपटक पछाडि फर्कैर हेर्न जरुरी पनि छ । भारत आफैँले कालापानी र सुस्तामा विवाद छ भनेको बेला त्यसरी सडक खोल्नु सहमति विपरीत छ कि छैन ?

सन् १८१६को सुगौली सन्धि अनुसार काली ( महाकाली) नदी पूर्वका सम्पूर्ण भू-भाग नेपालको हो । लिम्पियाधुरा मुहान भएको नदी नै सीमा नदी भएकाले गुञ्जी, गर्व्याङ, कुटियाङ्दीलगायतका सम्पूर्ण भूभाग नेपालको भएको प्रा.डा. खनालकै भनाइ छ । नेपाली भू-भाग समेत भारततर्फ पर्ने गरी नोभेम्बर २०१९ यता सर्वे अफ इण्डियाले दुईवटा राजनीतिक नक्सा प्रकाशन गरेपछि नेपालमा त्यसको चर्को विरोध समेत भयो । नक्साको जनस्तरमा व्यापक विरोध भएपछि नेपाल सरकारले कुटनीतिक नोट पठाएको थियो । तर, भारतले अहिलेसम्म समस्या समाधान हुने गरी तत्परता देखाएन र देखाएको छैन । यसले पनि भारतले नेपालप्रति हेर्ने दृष्टिकोट प्रष्टसँग थाह हुन्छ ।

भारतमा छापिएका अधिकांश नक्साहरूमा रणनीतिक महत्वको क्षेत्रका रूपमा रहेको नेपालको सीमानाभित्र पर्ने दार्चुला जिल्ला व्यास गाउँपालिका -१को उत्तर पश्चिममा रहेको लिपुलेक, कालापानी, लिम्पियाधुरा क्षेत्र नक्साबाट काटेर पहिलेदेखि नै भारततर्फ मिलाइएको र त्यस्ता नक्सा हेर्दा नेपालको ३७२ वर्ग किमि भूमि अतिक्रमणमा परिसकेको भन्दै नेपालका सीमाविज्ञहरु उहिल्यैदेखि कराइरहेका छन् । उनीहरु भारतमा छापिएर नेपालको बजारमा बिक्री वितरण गरिएका अधिकांश नक्सामा नेपालको सीमाना पहिलेदेखि नै शुद्ध र क्षेत्रफल पूर्ण भएको पाइँदैन भनेर कराए । तर, यस विषयमा वर्तमान ओली नेतृत्वको सरकार मात्र होइन यसअघिका सरकारले त्यस कुरामा ध्यान पुर्‍याउनुपर्छ कि पर्दैन । त्यसमा किन ध्यान नपुगेको हो । पटक-पटक सत्तामा बसेका सरकारले नेपाली जनताको चित्त बुझ्ने गरी जवाफ दिनुपर्छ ।

सर्वे अफ इण्डियाले निकालेको नक्सामा भारत चुप लागेर बस्नु स्वभाविक हो । नेपाल सरकारले कुटनीतिक नोट पठाएपछि भारतले समस्या समाधान हुने गरी तत्परता नदेखाएपछि नेपालले आफ्नो दृष्टिकोण स्पष्ट पार्नुपर्ने हो कि होइन आज नेपाली जनता यसैको जवाफको प्रतिक्षामा छन् । यो विषयमा नेपाल सरकारको दृष्टिकोण के हो ? नेपाल सरकारले नेपाली जनतालाई जवाफ दिनुपर्छ । यस विषयमा सरकारी संयन्त्र कति गम्भीर बनिरहेको छ । सीमा बचाऔं अभियानले नेपाली भूमिको रक्षा गर्न नेपाल सरकारसँग आग्रह गरिहेको छ । नेपाल सरकारकातर्फबाट प्रभावकारी कुटनीतिक पहल नहुँदा नेपाली भूमिमा विदेशीले परेड खेल्दा समेत टुलुटुलु हेरेर बस्नु परेको अभियानको निष्कर्ष छ । यसतर्फ नेपालकोतर्फबाट किन प्रभावकारी कुटनीतिक पहल हुँदैन ?

‘नेपालको छातीमा भारतीय गाडीहरू गुड्न शुरु भएको छ र सरकारको नालायकीपनका कारण नेपाली जनता आफ्नो भूमिमा विदेशीले परेड खेलेको टुलुटुलु हेरेर बस्न बाध्य भएको छ’- अभियानका संयोजक भैरव रिसालले भने झै सुगौली सन्धिअनुसार लिम्पियाधुरा मुहान भएको काली ( महाकाली) नदी नै अन्तर्राष्ट्रिय सीमा नदी भएको र त्यसपछि कुनै सम्झौता भए सार्वजनिक गर्नुपर्‍यो । नेपाल सरकार यसो गर्न सक्छ ? ‘सुगौली सन्धिपछि महाकालीको स्रोत सम्बन्धमा नयाँ सन्धि भएको भए सार्वजनिक गर, कालापानी लगायत महाकाली पूर्वका क्षेत्र भारतीय सुरक्षाकर्मीलाई बस्न दिने को हुन, आधारसहित आधिकारिक जानकारी देऊ ।’ भनेर किन अहिलेसम्म नेपाली जनता कराइरहेका छन् । जानकारी दिने निकाय किन कानमा तेल हालेर बसेको छ ।

नेपाललाई कुनै जानकारी नदिई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङले लिपुलेकलाई व्यापारिक मार्गको रुपमा विकास गर्ने भनी समझदारीपत्रमा हस्ताक्षर गरेको घटनाले समेत नेपालले शंका गर्ने आधारहरु प्रशस्त छन् । सन् २०१५ मे १५ मा भारतको प्रधानमन्त्री चीन भ्रमणका समयमा भारत र चीनबीच लिपुलेकबाट दुवै देशको व्यापार वाणिज्य गतिविधि बढाउन द्विपक्षीप सम्झौता भएपछि पनि त्यसले एकपटक चर्चा पाएको थियो । नेपाल सरकारले यस द्विपक्षीप सम्झौताप्रति असहमति जनाए पनि भारत र चीनको सरकारी तहमा यस विषयमा कुनै प्रकारको प्रभावकारी कुटनीतिक पहल एवम् कदम चाल्न सकेन, यो समस्या बल्झि नै रह्यो र अहिले पछिल्लोपटक भारतले नयाँ नक्सा जारी गरेको भनिएपछि कालापानीमा भारतको अतिक्रमणको पटाक्षेप भएको छ । तर, तथ्यले के देखाउँछ भनेँ पछिल्लोपटक भारत र चीनबीच भएको उक्त द्विदेशीय सन्धि, आफै पनि भारत र नेपालले हस्ताक्षर गरेको सन् १८१६को सुगौली सन्धि प्रावधानको विपरीत रहेको विज्ञहरुको भनाइ छ ।

वरिष्ठ पत्रकार भैरव रिसालले कालापानी नेपालको भूभाग रहेको सबै ऐतिहासिक प्रमाण सुरक्षित रहेको पटक-पटक बताउँदै आएका छन् । उनले २०१८ सालमा आफै त्यस क्षेत्रमा पुगेर जनगणना गरेको साक्षी आफै भइरहेका बखत लिम्पियाधुरादेखि कालापानी र लिपुलेकसम्मको क्षेत्रबाट भारतीय सेना फिर्ता गराउन तत्काल कुटनीतिक पहल गर्न सरकारलाई आग्रह गरिरहँदा ओली नेतृत्वको सरकार अनि यसअघिका सरकार किन कानमा तेल हालेर बसेका छन् । जलाधार, नक्सा र ऐतिहासिक तथ्य र प्रमाणका आधारमा लिम्पियाधुरा नै काली नदीको मुहान रहेको र नेपालको पश्चिमी सीमा लिम्पियाधुरासम्म रहेको पूर्व सचिव डा. द्वारिकानाथ ढुंगेलले बताइरहँदा र नेपालकै हो भन्ने आधार प्रमाण प्रशस्त हुँदाहुँदै नेपाल किन चुप छ ? नेपाल सरकारले त्यो क्षेत्रसम्मको आधिकारिक नक्सा सार्वजनिक गरी भारतलाई जवाफ दिनुपर्छ कि पर्दैन ?

सन् १९६२ मा भारत- चीन युद्धताका अतिक्रमण गरिसकेको यो नेपाली भूमि नेपालका शासकहरूको अर्कमण्यताको कारण बितेका ५७ वर्षसम्म पनि नेपालको भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षा हुन सकेन । अहिले भारतले नयाँ नक्सा जारी गर्दा र एउटा सडक बनायो भनेर रोइलो गरेर मात्र यो सीमा समस्या समाधान हुँदैन । अब नेपाल सरकारले प्रभावकारी एवम् ठोस् कुटनीतिक-राजनीतिक उपाय अवलम्बन गर्दै यो विषयलाई उच्च स्तरीय द्विपक्षीय (नेपाल-भारत) र त्रिपक्षीय (नेपाल-भारत-चीन) वार्ताका माध्यमबाट नेपालको हितमा समाधान गर्नुपर्छ । यस प्रक्रियाबाट समाधान हुँदैन भने यो विषयलाई अन्तर्राष्ट्रियकरण गर्दै अन्तर्राष्ट्रिय अदालत समक्ष जानुको विकल्प छैन ।

## दुई ट्रक ठोक्किँदा २४ जनाको मृत्यु

**भारत, जेठ ३।** भारतको उत्तर प्रदेशमा दुई ओटा ट्रक एकआपसमा ठोक्किँदा कम्तीमा २४ जनाको मृत्यु भएको छ ।

उत्तर प्रदेशको औरयामा भएको दुर्घटनामा परी अरु केही घाइते पनि भएका छन् । मृत्यु भएका र घाइते भएका सवै मजदुर रहेका जनाइएको छ ।

स्थानीय समयानुसार दुर्घटना भएको स्थानीय प्रहरी अधिकारीहरुले जानकारी दिएका छन् । उनीहरुमध्ये अधिकांश विहार, झारखण्ड र पश्चिम बंगालका रहेको औरयाकी प्रमुख चिकित्सा अधिकृत अर्चना श्रीवास्तवले बताइन् । उनले अरु १५ जनालाई सैफाई विजिआईमा पठाइएको पनि जानकारी दिइन् ।

दुर्घटनामा परी कम्तीमा २४ जनाको मृत्यु भएको छ, अरु २२ जनालाई उपचारका लागि अस्पतालमा भर्ना गरिएको छ, गम्भीर घाइते मध्ये १५ जनालाई भने अन्यत्र अस्पतालमा लगिएको छ- उनले भनिन् । दुर्घटनामा परेकाहरु राजस्थानबाट विहार र झारखण्डतर्फ जाँदै गरेका मजदुर रहेको अर्चनाले बताइन् ।

यसैबीच मुख्यमन्त्री योगी आदित्यनाथले घटनाका बारेमा विस्तृत अध्ययन गर्न र प्रतिवेदन पेश गर्न प्रहरी उच्च अधिकारीहरुलाई निर्देशन दिएका छन् । उनले दुर्घटनाप्रति दु:ख पनि व्यक्त गरे ।

## बहुसंख्यक अमेरिकी घर बाहिरको काममा

**अमेरिका, जेठ ३।** अमेरिकामा कोरोनाभाइरसको संक्रमण दिन प्रतिदिन फैलिँदै गए पनि बहुसंख्यकले आफ्नो घर बाहिर काम गर्ने गरेका छन् । सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार हरेक दश जनामध्ये ६ जनाले आफ्नो घरभन्दा बाहिर काम गर्ने गरेका छन् ।

वासिङ्टन पोष्टले गत अप्रिलको अन्त्यतिर र मे महिनाको शुरुमा गरेको सर्वेक्षणले यस्तो देखाएको उनीहरुको भनाइ छ । उनीहरुले झण्डै आठ हजार जनामा सर्वेक्षण गरेका थिए । उनीहरुको आफुले काम नगर्दा घर परिवारमा समस्या हुने गरेको पनि बताएका थिए ।

पछिल्लो विवरण अनुसार अमेरिकामा कोरोना भाइरसबाट संक्रमितको संख्या १४ लाख ४२ हजार ८१९ पुगेको छ भने मृत्यु हुनेको संख्या ८७ हजार ५३० पुगेको छ । हरेक तीन जनामध्ये एक जनाले हरेक हप्तामा कम्तीमा एकपटक कामका लागि घर छाड्ने गरेको पाइएको पनि सर्वेक्षणकर्ताहरुले जनाएका छन् ।

उनीहरुमध्ये धेरैले आफूलाई कोरोना भाइरसको संक्रमणको त्रास अत्यधिक हुने गरेको पनि बताएका छन् । उनीहरुलाई विशेष गरेर सार्वजनिक यातायातका साधन प्रयोग गर्दा संक्रमण हुने चिन्ता लाग्ने गरेको सुनाएका थिए ।

सर्वेक्षणका अनुसार कामका लागि घर छाड्ने झण्डै ३५ प्रतिशत अमेरिकी नागरिकहरुले सवै समय मास्क प्रयोग गर्ने गरेका छन् । त्यसैगरी ३९ प्रतिशतले कुनै कुनै बेला मात्रै मास्क प्रयोग गर्ने गरेका छन् ।

## बेलायतमा कोरोनाबाट ज्यान गुमाउने नेपाली ६३

**लण्डन, जेठ ३।** कोरोनाबाट बेलायतमा ज्यान गुमाउने नेपालीको संख्या ६३ पुगेको छ । लण्डनस्थित नेपाली दूतावासका प्रवक्ता शरदराज आरणले यो जानकारी दिएका हुन् । हालसम्म मृत्य हुनेमा ५२ पुरुष र ११ महिला रहेका छन् ।

दूतावासको पहलमा गठन गरिएको सूचना सङ्कलन सहयोग समितिमार्फत दिएको जानकारीमा हालसम्म मृत्यु हुने भूपू गोरखा सैनिकको संख्या ५२ र गैरसैनिकको संख्या ११ छ । गत सोमबार दूतावासले कोरोनाबाट निधन हुनेको संख्या ६० पुगेको बताएको थियो ।

## भारतमा संक्रमित ८५९४०

**भारत, जेठ ३।** भारतमा शनिबारसम्म कोभिड-१९ संक्रमितको संख्या ८५ हजार ९४० जना पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा शुक्रबार एकैदिनमा १०३ कोरोना भाइरस संक्रमितको मृत्यु भएको छ । त्यसपछि भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या २ हजार ७५२ जना पुगेको छ । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ३० हजार १५२ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ ।

भारतमा शुक्रबार बिहानसम्मको तथ्याङ्क अनुसार हाल यो रोगका ५३ हजार ३५ जना संक्रमितहरु अस्पतालमा उपचार गराइरहेका छन् । कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यमा नागरिक संक्रमित भएका छन् । यहाँमात्र २९ हजार १०० नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् ।

भारतमा कोरोना भाइरस संक्रमणका ४० प्रतिशत महाराष्ट्रका नागरिक रहेका छन् । महाराष्ट्रमा ६ हजार ५६४ व्यक्ति निको भएर फर्किएका छन् । महाराष्ट्रमा कोरोना भाइरसको संक्रमणबाट १ हजार ६८ जनाको मृत्यु भएको छ । महाराष्ट्रपछि तमिलनाडू दोस्रो स्थानमा रहेको छ । त्यहाँ १० हजार १०८ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा ९ हजार ९३१ संक्रमति रहेका छन् । दिल्लीमा कोरोना भाइरसको संक्रमणको संख्या ८ हजार ९३१ पुगेको छ ।

संक्रमण फैलिने क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी लकडाउनलाई थप दुई साताको लागि लम्बाएको थियो ।



**डुंगामा सामग्री ओसार्दै:** पोखराको फेवातालमा घरायसी प्रयोजनका सामग्री लिएर डुंगामा जाँदै महिला । तस्वीर: रासस

# नेपालीलाई सामान दिए ५ हजार जरिवाना

**आत्माराम राजवंशी**

**गौरीगञ्ज, जेठ ३।** गौरीगञ्ज गाउँपालिका वार्ड नं. ५को फत्तेपुर नाकासँग जोडिएको भारतीय वस्तीमा बसोवास गर्ने नागरिकहरुले कुनै पनि सामान नेपाल लैजाने वा कुनै नेपालीलाई दिएको पाइए त्यस्तो व्यक्तिलाई पाँच हजार जरिवानासहित कारर्वाही गर्ने भएको छ ।

बिहार राज्यको किसनगञ्ज जिल्ला अन्तर्गत टेढागाछ सीमासँग जोडिएको फत्तेपुरमा तुलेश्वर सिंह गन्गाईको अगुवाईमा त्यहाँको नागरिकहरुले त्यस्तो निर्णय गरेका हुन् । गन्गाई विहार राज्य किसनगञ्ज जिल्ला टेढागाछ क्षेत्रका उपप्रमुख हुन् । उनकै अगुवाईमा भारतीयहरुको प्रत्येक घर-घरमा गई नेपालका नागरिकलाई भारतबाट कुनै सामान लान नदिने र कसैले नेपालीलाई कुनै पनि सामान दिए पाँच हजार जरिवानासहित कार्वाही गर्ने बताउँदै त्यस्तो निर्णय गरिएको हो ।

नेपालको सीमावर्ती गाउँमा उता (नेपालतर्फ) गएको बेला भारतीयहरुलाई कोरोना संक्रमण फैलाउने निहुँमा नेपालको प्रहरी र स्थानीयहरुले दुःख दिएको हुनाले त्यस्तो निर्णय गरिएको उनीहरुले बताए ।

उनीहरुहरुले केही दिनअघि फत्तेपुर सीमामा नारावाजी गर्दै नेपालीहरुलाई भारततर्फ छिर्न नदिने र कोही भारतीय नागरिक खाद्यान्न सामान नेपालीलाई दिए वा नेपालतर्फ लगे जरिवानासहित कार्वाही गर्ने चेतावनी दिएको गौरीगञ्ज गाउँपालिका वार्ड नं. ५ फत्तेपुर बस्ने सहदेव सिंह गन्गाईले जानकारी दिए ।

झापाको गौरीगञ्ज-५ फत्तेपुरस्थित नेपाल-भारत सीमा नजिक बसोबास गर्दै नेपालीहरुको करिब ३ सय घर परिवारको बस्ती छ । त्यतिनै संख्यामा सीमापारि भारततर्फ भारतीय नागरिकको पनि बसोबास छ । अन्तर्राष्ट्रिय सीमानाको नो म्यान्स ल्याण्डसँगै रहेको उक्त दुवै बस्ती सदियौंदेखि त्यहीँ छन् ।

उत्तरदेखि करिब १ किलोमिटर क्षेत्रमा दर्जनभन्दा बढी ट्युवेलहरु दशगजा क्षेत्र (नो म्यान्स ल्याण्ड) मै गाडिएका छन् । लकडाउन अघि त्यही ट्युवेलको पानीले दुवैतर्फका नागरिकले (भारत र नेपालतर्फका) नुहाउने, लुगा धुने, पिउनेलगायत घरायसी प्रयोजनमा प्रयोग गर्थे । तर, कोरोना भाइरसको संक्रमणले उनीहरुको बीचको सम्बन्ध भने पानी बाराबारको अवस्थामा पुऱ्याएको छ । एकले अर्कालाई ट्युवेलको पानी लिन नआउन भनेका छन् भने हिँड्डुल समेत नगर्न भनेका छन् ।

लकडाउन अघि यी दुवै देशका नागरिकका बीचको सुमधुर सम्बन्धलाई लकडाउनपछि कोरोनाको संक्रमणले घृणा र द्वन्द्वमा परिणत गराएको छ ।

गौरीगञ्ज वार्ड नं. ५ फत्तेपुरका ११० वर्षीय उचितलाल गन्गाई भन्छन्- 'सदियौंदेखि दुवै देशका नागरिक यही ट्युवेलहरुको पानी पिउँदै आएका छन् । हामी करिब ३ सय घर परिवार र उताका पनि करिब उतिनै संख्याको परिवार यिनै ट्युवेलका पानी पिउँदै आएका छौं । तर, कोरोनाको भाइरसले हामी बीचको सम्बन्धलाई बिगारेको छ ।' कोरोना भाइरसको संक्रमण एकले अर्कालाई सर्छ या सार्छ कि भन्ने भयले नेपालतर्फका नागरिकलाई भारतीय नागरिकले ट्युवेलमा पानी लिन नआउन भनेका छन् भने नेपालीले भारततर्फका नागरिकलाई भनेका छन् ।

सीमाले उनीहरुको परिचय अलग अलग देशको नागरिक भएको गराए पनि सम्बन्ध भने संगोलमा बसेको एक दाजुभाइ जस्तै थियो । एकै टोलमा बसेको र एकै आँगनमा बसेको परिवार सदस्य जस्तै उनीहरुको सम्बन्ध थियो । तर, कोरोना भाइरसले उनीहरुबीचको सम्बन्धलाई अलग्याएकोमा आफूलाई नरमाइलो लागेको त्यहाँका पुराना बासिन्दा गन्गाई बताउँछन् । नेपाल र भारततर्फको दुवै बस्तीमा अधिकांश गन्गाई जाति, छिट्फुट राजवंशी र ताजपुरिया जातिको बसोबास छ । ती दुवै बस्ती एक गाउँ जस्तै छ । दुवै गाउँको (नेपाल र भारततर्फको) नाम पनि एकै फत्तेपुर नै छ ।

नेपालतर्फ बस्ने नेपालीहरु गाईबस्तु, बाख्रा, खसी भारततर्फ गई बाँध्ने र उताका (भारततर्फका) भारतीयहरुहरु यता आएर नेपालतर्फ बाँध्ने गर्दै आएका थिए । यताका नेपालीहरु गाईबस्तुलाई चाहिने वर्ष भरिको परालको माँचको जोहो उता भारतीय भूमिमा गर्थे । उताका आएर यता नेपालतर्फ गर्थे । घरमा विवाहवारी होस् वा अरु कुनै धार्मिक अनुष्ठानमा एकले एकअर्कालाई कहिल्यै पराई सम्झेनन्, जहिल्यै बोलाउँथे र सरिक हुन्थे । भारतीय नागरिकले यता नेपालमा नेपालीहरुको भूमि ठेक्का लिएर मकैं, गँहु र धानखेती लगाउँदै आएका छन् भने यताका नेपालीहरु पनि घरायसी प्रयोजनमा प्रयोग हुने खाद्यान्नदेखि लत्ताकपडासम्म भारतकै स्थानीय बजारमा निर्भर थिए ।

यो मित्रवत सम्बन्ध आजदेखि थिएन शदियौदेखि चलिआएको एक परम्परा जस्तै बनेको थियो । उनीहरुको सम्बन्धलाई सीमाले छेकेको थिएन । तर कोरोना भाइरसको संक्रमणले उनीहरुबीचको सम्बन्धलाई टुटाएको स्थानीय अगुवा तथा समाज सेवी जत्रुसिंह गन्गाईले बताए । उनले भने- 'हामी उता (भारततर्फ) जाँदैनौं । उनीहरु पनि यता (नेपालतर्फ) आउँदैनन्, हाम्रो बोलचाल बन्द भएको छ ।'

यी दुवै वस्तीको बीचको दुरी करिब ५० मिटरको छ । कोरोना भाइरसको संक्रमणबाट बच्न नेपाल सरकारले भारतसंगको अन्तर्राष्ट्रिय सीमा 'शिल' गरेपछि यहाँको दुवै वस्ती (नेपाल र भारत) तर्फका बासिन्दाबीचको दुरी 'शिल' मात्र भएको छैन सम्बन्ध पनि 'शिल' भएको छ ।

## बाह्रदशीका स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता

**बाह्रदशी, जेठ ३।** बाह्रदशी गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मी र स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीलाई प्रोत्साहन भत्ता प्रदान गरिएको छ ।

उनीहरुलाई ४५ दिनको प्रोत्साहन भत्ता प्रदान गरिएको गाउँपालिकाका सूचना अधिकारी चेतनाथ न्यौपानेले जानकारी दिए । सरकारले स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी, गुणस्तरीय एवम् पहुँचयोग्य बनाउन स्वास्थ्य मन्त्रालय र मातहतका निकायमा कार्यरत कर्मचारीहरुको सेवा प्रवाहमा थप जिम्वेवार बनाई विशिष्ट सेवा प्रदान गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरिएको थियो ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९को संक्रमणको यो क्षणमा मानव जीवनलाई नै त्रसिद बनाइरहेका बेला अग्रभागमा रहेर काम गर्ने स्वास्थ्यकर्मी र स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारीलाई प्रोत्साहन भत्तासहित स्वास्थ्यकर्मीलाई पर्सनल प्रोटेक्टिभ इक्वीपमेन्ट (पीपीई) लगायतका सुरक्षा उपकरण दिने निर्णय गरेको थियो ।

गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा कार्यरत सबैलाई प्रोत्साहन भत्ता प्रदान गरिएको सूचना अधिकारी न्यौपानेले जानकारी दिए । उनका अनुसार चैत १५ देखि बैशाख मसान्तसम्मको प्रोत्साहन भत्ता प्रदान गरिएको छ । उनीहरुलाई १२ लाख ७२ हजार २ सय ७० रुपैयाँ प्रादान गरिएको छ । कोरोना भाइसरको संक्रमण बढ्दै गएर विकराल रुप लिए कार्यपालिकाको वैठकले अर्को निर्णय गर्ने बताइएको छ ।

कोरोनासम्बन्धी उच्चस्तरीय समितिले २५ देखि ७५ प्रतिशत भत्ता दिने निर्णय गरेको थियो । तर, सबै स्वास्थ्यकर्मीले नपाउने भएका छन् । कोरोनाका विरामीको उपचार गर्ने अस्पतालका स्वास्थ्यकर्मी र कर्मचारीले मात्र प्रोत्साहन रकम पाउने भएका हुन् । मन्त्रिपरिषद्ले त्यसलाई बढाएर ५० देखि शतप्रतिशत बनाएको थियो ।

यसैबीच गाउँपालिकामा कार्यरत कर्मचारीले समेत महामारीको यो क्षणमा सहयोग गरेको छन् । अधिकृत स्तरका कर्मचारीले पाँच दिनको तलब दिएका छन् भने चौथो र पाँचौ तहका कर्मचारी तथा शिक्षकले तीन दिनको कार्यलय सहयोगी स्तरका कर्मचारीले दुई दिन र अन्यको हकमा भने एक दिनको रकम कोरोना भाइसर रोकथाम तथा उपचार कोषमा जम्मा गर्ने निर्णय शाखा प्रमुखहरुको वैठकले गरेको छ । यसरी हुन आउने रकम करिव ६ लाख हुने बताइएको छ । यसैबीच स्वास्थ्यकर्मीलाई समेत स्वेच्छाले राहत कोषमा सहयोग गर्न अनुरोध गर्ने निर्णय भएको बताइएको छ ।

## शिवसताक्षीले गऱ्यो लकडाउनमा कडाई

**शिवसताक्षी, जेठ ३।** कोरोना (कोभिड १९)का संक्रमित नेपालमा बढ्दै जाँदा झापाको शिवसताक्षी नगरले लकडाउन कार्यान्वयनमा थप कडाइ गर्ने भएको छ । नगरले थप सतर्कताका लागि लकडाउनमा कडाइ गर्ने भएको हो ।

नगर समन्वय समितिको बैठकमा सहभागी अधिकांशले लकडाउनमा थप कडाइ नगरे भाइरसको जोखिम निम्तिन सक्ने भन्दै शिवसताक्षी नगरका औषधि पसल र कृषिका पसल बाहेक अन्य पसल बन्द गर्ने निर्णय भएको छ ।

नगरमा यसअघि ४ घण्टा खाद्यान्न लगायत हार्डवेयरका पसल खोल्न व्यवसायीलाई अख्तियारी दिइएको थियो । शुक्रबारराति १२ बजेदेखि अर्को निर्णय नभएसम्मका लागि नगरभित्रका पसल बन्द गर्ने, बिना पासका सवारी साधन चलाएर लकडाउनको अवज्ञा गर्नेलाई कारबाही गर्ने निर्णय भएको हो ।

यस्तै अतिआवश्यक काम बाहेक घर बाहिर निस्किए कारबाही गर्ने नगरका प्रवक्ता नवीन इजमले जानकारी दिए । सर्वसाधरणले अति आवश्यक काम परेर घर बाहिर निस्कनु परे स्थानीय प्रशासनको समन्वय आवश्यक पर्ने निर्णय भएको छ ।

बैठकमा तरकारी पसल पनि बन्द गर्ने निर्णय भएको छ । तरकारी पसलमा न्यूनतम् व्यक्तिगत दुरी कायम नगरी सर्वसाधरणको भीड देखिन थालेपछि नगरले तरकारी पसल पनि खोल्न बन्देज लगाइएको हो । गृह मन्त्रालयको पास र आवश्यक कागजात भएका ढुवानीका साधनलाई प्रतिवन्ध नलगाइएको प्रवक्ता इजमले जानकारी दिएका छन् ।

शिवसताक्षी नगरको सताक्षीधाम, दोमुखा जस्ता पर्यटकीय स्थलमा सर्वसाधरणको आवत जावत बढ्न थालेपछि ति क्षेत्रमा पनि कडाइ गरिएको छ । पर्यटकीय क्षेत्रमा अनावश्यक भीड नगर्न पालिकाले सर्वसाधरणलाई अनुरोध गरेको छ । नगर प्रमुख चन्द्रकुमार सेर्माले नगर समन्वय समितिले गरेको निर्णय अटेर गरेर पसल खोल्ने, लकडाउनको अवज्ञा गर्ने जो कोही पनि कारबाहीको भागिदार बन्ने चेतावनी दिए । उनले भने- 'पूर्व-पश्चिम राजमार्ग र छिमेकी पालिकाको नाकाबाट सर्वसाधरणको आवतजावत बढेको हामीले पाएका छौं । यसले कोरोना भाइरसको जोखिम बढ्ने अनुमान सहजै लगाउन सकिन्छ । त्यसको नियन्त्रण गर्न पालिकाभित्रका औषधि पसल र मल, बीऊ पसल बाहेक सबै बन्द गर्ने निर्णय भएको छ ।'

यसैबीच शिवसताक्षी नगरको कोरोना भाइरस संक्रमण रोकथाम तथा राहत वितरण कोषमा जम्मा भएको ३२ लाख ९३ हजार ५९ रुपैयाँबाट खर्च भएको २४ लाख २८ हजार १ सय ८५ बैठकले अनुमोदन गरेको छ । कोषमा अब ८ लाख ६४ हजार ८ सय ७४ रुपैयाँ मोज्जाद छ । खर्च मध्ये १६ लाख ७७ हजार १ सय ९५ रुपैयाँ खाद्यान्न खरिद भएको प्रवक्ता इजमले जानकारी दिए । नगरले थप राहतका लागि १९ लाख ८८ हजार ९ सय ८७ रुपैयाँको खाद्यान्न खरिद गरेको छ । कोषका कर्मचारी महेश लामिछानेका अनुसार पछिल्लोपटक खरिद गरेको खाद्यान्नको रकम भुक्तानी भएको छैन ।

यस्तै बैठकले क्वारेन्टाइनको क्षमता पनि विस्तार गर्ने निर्णय गरेको छ । शिवसताक्षी नगरपालिका वडा नम्बर-११स्थित आदिवासी जनजाति सामुदायिक भवनमा क्वारेन्टाइन विस्तारको पालिकाले तयारी शुरु गरेको छ । यसअघि १८ बेड क्षमताको क्वारेन्टाइन सोही वडाको झरना प्राथमिक विद्यालयमा स्थापना गरेको थियो । आदिवासी जनजाति सामुदायिक भवनमा कम्तीमा ३० बेड क्षमताको क्वारेन्टाइन निर्माण हुने नगर प्रमुख चन्द्रकुमार सेर्माले बताए ।

## तमोर नदीमा डुबेर मृत्यु

**ताप्लेजुङ, जेठ ३।** ताप्लेजुङ फुङ्लिङ-३ सिटेनी बस्ने १७ बर्षीय रोशन न्यौपानेको नदीमा डुबेर मृत्यु भएको छ ।

घरबाट बाख्रा चराउन गएको अवस्थामा नजिकै रहेको तमोर नदीको किनारमा पौडी खेल्ने क्रममा न्यौपानेको डुबेर मृत्यु भएको स्थानीयले जिल्ला प्रहरी कार्यालय ताप्लेजुङमा जानकारी गराएका हुन् । उनको शव २०० मिटर तल नदीको किनारमा फेला परेको प्रहरीले जनाएको छ ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२

पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)

*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।

**Divine Int'l Acadamy (Dia)**

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465

MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । नयाँ काम प्रारम्भ हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिने छन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । काममा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अरूको करकापमा परेर इच्छा विपरीत काम गर्नुपर्ला । समय दिन नसक्दा अध्ययनमा पछि परिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** पछिका लागि केही वस्तु त्याग्नुपर्ने वा आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । केही खर्च लागे पनि प्रयत्न गर्दा देश-विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत बढ्ने छन् । व्यापार तथा साझेदारीमा मनग्गे लाभ हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पहिलेको सफलताले हौसला जगाउनेछ । मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** फाइदाको स्रोत पहिचान गर्न सकिनेछ । सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन् ।